## लालीगुराँस नगरपालिका

# लालीगुराँस नगरपालिकाको राजपत्र

खण्डः७ संख्याः १७ मितिः २०८१/०९/०१

### भाग -१

### लालीगुराँस नगरपालिका वसन्तपुर तेह्रथुम

### लालीगुराँस नगरपालिकाको नागरिक उपचार सहायता कोष परिचालन ऐन, २०८१

नगर सभाबाट पारित मितिः २०८१।०३।२८

नगर प्रमुखबाट प्रमाणीकरण मितिः २०८१।०८।२५

**प्रस्तावनाः** कडा एवम् नसर्ने प्रकृतिका रोग लागि उपचारमा आर्थिक समस्या झेलिरहेका र कमजोर आर्थिक अवस्था भएका अन्य रोगका विरामी नागरिकहरुको स्वास्थ्य उपचारमा नगरपालिकाको तर्फबाट केही रकम सहयोग गर्ने उद्देश्यले स्थापित नागरिक उपचार सहायता कोषको व्यवस्थित र पारदर्शी तवरले परिचालन गरी स्थानीय सरकारको प्रत्यक्ष उपस्थितिको बोध आम लालीगुराँसबासीलाई दिलाउन,

नेपालको संविधानको अनुसूची ८ मा उल्लिखित आधारभूत स्वास्थ्य सम्बन्धी अधिकारलाई लालीगुराँस नगरपालिका क्षेत्रभित्र क्रमशः कार्यान्वयन गर्न संविधानको धारा ५७ को उपधारा (४) ले दिएको अधिकार प्रयोग गरी लालीगुराँस नगरपालिकाको चौधौं नगर सभा अधिवेशनले यो ऐन बनाएको छ।

## परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो ऐनको नाम "लालीगुराँस नगरपालिकाको नागरिक उपचार सहायता कोष परिचालन ऐन, २०८१" रहेको छ।

(२) यो ऐन लालीगुराँस राजपत्रमा प्रकाशित भए पश्चात् लागू हुनेछ।

२. **परिभाषा र व्याख्याः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) “ऐन” भन्नाले लालीगुराँस नगरपालिकाको नागरिक उपचार सहायता कोष परिचालन ऐन, २०८१ लाई सम्झनुपर्छ।

(ख) “कार्यपालिका” भन्नाले लालीगुराँस नगरपालिका, तेह्रथुमको नगर कार्यपालिकालाई सम्झनुपर्छ।

(ग) “कार्यालय” भन्नाले लालीगुराँस नगर कार्यपालिकाको कार्यालय, बसन्तपुर, तेह्रथुमलाई सम्झनुपर्छ।

(घ) “कोष” भन्नाले नगरपालिकाको विविध खर्च खातामा रहने गरी यस ऐन बमोजिम स्थापित नागरिक उपचार सहायता कोषलाई सम्झनुपर्छ।

(ङ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कुनै अधिकृतस्तरको कर्मचारी समेतलाई सम्झनुपर्छ।

(च) “कडा एवम् नसर्ने प्रकृतिका रोगका विरामी” भन्नाले देहायमा उल्लिखित कुनै रोग लागेको भनी स्वीकृत चिकित्सक वा स्वास्थ्य संस्थाबाट पहिचान भई सम्बन्धित वडाका वडाध्यक्षले सिफारिस गरेको लालीगुराँसबासीलाई सम्झनुपर्छः

(अ) मृगौला प्रत्यारोपण गरेको वा गर्नुपर्ने वा डायलाइसिसका विरामी,वा

(आ) क्यान्सरका विरामी, वा

(इ) मुटुको सर्जरी गर्नुपर्ने विरामी, वा

(ई) प्यारालाइसिसको विरामी, वा

(ज) “अन्य रोगका विरामी” भन्नाले यस ऐनमा व्यवस्था भएको कडा एवम् नसर्ने प्रकृतिका रोगका विरामी बाहेक अन्य रोगका विरामीलाई सम्झनुपर्छ।

(झ) “वडा” भन्नाले लालीगुराँस नगरपालिका क्षेत्रभित्रको कुनैपनि वडालाई सम्झनुपर्छ।

(ञ) “सभा” भन्नाले लालीगुराँस नगरपालिकाको नगर सभालाई सम्झनुपर्छ।

(ट) “समिति” भन्नाले यस ऐनको दफा ४ बमोजिमको समितिलाई सम्झनुपर्छ।

(ठ) "सहायता" भन्नाले यस ऐनले व्यवस्था गरेको रोगका विरामीलाई कोषबाट उपलब्ध गराइने उपचार सहायताको रकमलाई सम्झनुपर्छ र, सो शब्दले कमजोर आर्थिक अवस्था भएका विरामीलाई अन्यत्र स्वास्थ्य संस्थामा गई उपचार गराउनका लागि उपलब्ध गराइने यातायात खर्च वापतको रकम समेतलाई सम्झनुपर्छ।

(ड) "स्वास्थ्य संस्था" भन्नाले लालीगुराँस नगरपालिका क्षेत्रभित्र मेडिकल अधिकृत वा सोभन्दा माथिल्लो दर्जाका चिकित्सक रहने स्वास्थ्य संस्था वा जिल्ला अस्पताल वा सोभन्दा माथिल्लो स्तरको अन्य कुनैपनि स्वास्थ्य संस्थालाई सम्झनुपर्छ।

(ढ) "संयोजक" भन्नाले लालीगुराँस नगरपालिका, तेह्रथुमका नगर प्रमुखलाई सम्झनुपर्छ।

## परिच्छेद २

## सहायता प्राप्तिको आवेदन, त्यसको छानवीन र सिफारिस सम्बन्धी व्यवस्था

३. **सहायता प्राप्तिको आवेदन वडामा गर्नुपर्ने:** (१) यो ऐन बमोजिमको सहायता पाउन चाहने व्यक्तिले अनुसूची १ बमोजिमको ढाँचामा वडामा आवेदन गर्नु पर्नेछ।

(२) वडाले उपदफा (१) बमोजिम परेको आवेदन उपर छानवीन गरी सहायता पाउनका लागि योग्य देखिएका व्यक्तिको अभिलेख अनुसूची २ बमोजिमको ढाँचामा तयार गरी राख्नु पर्नेछ।

(३) वडाले सहायता पाउन योग्य देखिएका व्यक्तिलाई सहायता उपलब्ध गराई दिने सिफारिस पत्र अनुसूची ३ बमोजिमको ढाँचामा जारी गर्न सक्नेछ।

## परिच्छेद ३

## नागरिक उपचार सहायता कोष परिचालन समिति सम्बन्धी व्यवस्था

४. **समितिको गठन:** कोषको परिचालनलाई व्यवस्थित र पारदर्शी बनाउन तथा विरामीलाई कोषबाट तत्काल सहायता प्रदान गर्ने व्यवस्था समेत मिलाउन नगरपालिकामा देहाय बमोजिमको नागरिक उपचार सहायता कोष परिचालन समिति रहनेछः

(क) नगर प्रमुख -संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(ग) संयोजकले तोकेको चिकित्सक -सदस्य

(घ) कार्यालयको आर्थिक प्रशासन शाखा प्रमुख -सदस्य

(ङ) कार्यालयको स्वास्थ्य शाखाका प्रमुख -सदस्य सचिव

५. **समितिको बैठक र निर्णयः** (१) समितिको बैठक संयोजकले तोकेको मिति र समयमा कार्यालयमा बस्नेछ।

(२) समितिको बैठक बस्नुभन्दा कम्तीमा चौबिस घण्टा अगावै समितिका सदस्य सचिवले बैठकमा छलफल हुने विषयहरुको सूची सहितको सूचना सबै सदस्यहरुलाई दिनु पर्नेछ।

(३) संयोजकले समितिको बैठकमा बढीमा दुई जनासम्म सम्बन्धित क्षेत्रका अन्य पदाधिकारीलाई आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गर्न सक्नेछ।

(४) समितिको बैठकमा समितिमा तत्काल कायम रहेका सदस्य संख्याको एकाउन्न प्रतिशत सदस्यहरु उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(५) समितिको बैठकको निर्णय सर्वसम्मतिबाट हुनेछ।

(६) उपदफा (५) बमोजिम सर्वसम्मतिबाट निर्णय हुन नसकेमा समितिमा तत्काल कायम रहेको सदस्य संख्याको बहुमत सदस्यबाट गरेको निर्णय समितिको निर्णय हुनेछ।

६. **समितिको काम, कर्तव्य र अधिकारः** यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) कोषलाई दीर्घकालिन तथा प्रभावकारी बनाउनका लागि कार्यपालिकालाई राय परामर्श उपलब्ध गराउने,

(ख) वडाको सिफारिस सहित सहायता लिन आउने विरामीलाई कोषबाट तत्काल सहायता उपलब्ध गराउने व्यवस्था मिलाउने,

(ग) कोषबाट उपचार सहायता पाउने विरामीहरुको नामावली प्रत्येक चौमासिकमा सार्वजनिक गर्ने,

(घ) नगरपालिका क्षेत्रभित्रको आधारभूत स्वास्थ्य सेवाको क्षमता विस्तार गरी

थप व्यवस्थित बनाउन कोषमा उपलब्ध रकम परिचालन गर्ने,

(ङ) नगरपालिका क्षेत्रभित्र महामारी तथा संक्रामक रोग फैलिन नदिनका लागि तत्काल चाल्नुपर्ने प्रवर्द्धनात्मक, निरोधात्मक तथा उपचारात्मक व्यवस्था मिलाउन कोषको रकम परिचालन गर्ने,

(च) सभा तथा कार्यपालिकाले तोकेको कोषसँग सम्बन्धित अन्य कार्य गर्ने।

## परिच्छेद ४

## <u>कोष, कोषबाट व्योहोरिने खर्चको सीमा र लेखापरीक्षण सम्बन्धी व्यवस्था</u>

७. **<u>नागरिक उपचार सहायता कोषः</u>** (१) यस ऐनमा उल्लेख भएको रोग लागेका विरामीको स्वास्थ्य उपचारमा तत्काल सहयोग गर्न एवम् ऐनले परिलक्षित गरेको क्षेत्रमा मात्र खर्च गर्नका लागि नगरपालिकामा एउटा छुट्टै नागरिक उपचार सहायता कोष रहनेछ।

(२) उपदफा (१) बमोजिमक कोषमा देहाय बमोजिमका रकमहरु रहने छन्।

(क) सभा तथा कार्यपालिकाको निर्णयबाट कोषमा विनियोजित रकम,

(ख) दातृ निकाय तथा व्यक्तिबाट स्वेच्छिकरुपमा कोषमा उपलब्ध गराइने रकम,

(ग) कोषको रकम परिचालन गरी आर्जित हुने रकम।

८. **<u>कोषबाट विरामीलाई उपलब्ध गराइने उपचार सहायता रकमको सीमा र वितरण प्रकृयाः</u>** (१) कोषबाट विरामीलाई एक आर्थिक वर्षभरिमा देहाय बमोजिमको सीमाभित्र रही उपचार सहायताको रकम उपलब्ध गराउन सकिनेछः

**(क) <u>नसर्ने तथा कडा रोगका विरामीका हकमा-</u>**

(अ) मृगौला प्रत्यारोपण गर्नुपर्ने व्यक्तिलाई बढीमा पच्चीस हजार रुपैंयासम्म,

(आ) मृगौला डायलाइसिस गरी रहेका व्यक्तिलाई बढीमा पन्ध्र हजार रुपैंयासम्म,

(इ) क्यान्सर लागेका व्यक्तिलाई बढीमा पच्चीस हजार रुपैंयासम्म,

(ई) मुटु सर्जरी गर्नुपर्ने व्यक्तिलाई बढीमा बीस हजार रुपैंयासम्म,

(उ) प्यारालाइसिस भएका व्यक्तिलाई बढीमा बीस हजार रुपैंयासम्म,

**(ख) <u>अन्य रोगका विरामीलाई बढीमा दश हजार रुपैंयासम्म</u>।**

(२) उपदफा (१) मा उल्लिखित सीमाभन्दा बढी रकमको उपचार सहायता कुनै विरामीलाई उपलब्ध गराउनु पर्ने भएमा कार्यपालिकाको निर्णयबाट मात्र हुनेछ।

(३) उपदफा (१) को खण्ड (क) वा (ख) ले निर्देश गरेको सीमाभित्रको औषधि उपचार सहायताको रकम विरामीलाई तत्काल उपलब्ध गराउन समितिको सिफारिसमा कार्यालयले स्वास्थ्य शाखाको कर्मचारीलाई पेश्की उपलब्ध गराउन सक्नेछ।

(४) स्वास्थ्य शाखाको कर्मचारीले अनुसूची ४ बमोजिमको प्रमाणित निर्णय अभिलेखका आधारमा तत्काल उपचार सहायताको रकम सम्बन्धित विरामीलाई उपलब्ध गराउनु पर्नेछ।

**९. <u>कोषको खाता सञ्चालनः</u>** यस ऐन बमोजिम स्थापना भएको कोषको खाता सञ्चालन स्थानीय सरकार सञ्चालन ऐनले गरेको व्यवस्था बमोजिम हुनेछ।

**१०. <u>कोषको लेखापरीक्षणः</u>** यस ऐन बमोजिम स्थापना भएको कोषको आय र व्ययको आन्तरिक लेखापरीक्षण कार्यालयको आन्तरिक लेखापरीक्षण गर्ने शाखाबाट र अन्तिम लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट हुनेछ।

## परिच्छेद ५

## <u>विविध</u>

**११. <u>वार्षिक प्रतिवेदन सार्वजनिक गर्नुपर्नेः</u>** (१) समितिले आफ्नो काम कारवाहीको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ।

(२) कार्यपालिकाले उपदफा (१) बमोजिम पेश हुन आएको प्रतिवेदन एक महिनाभित्र सार्वजनिक गर्नु पर्नेछ।

**१२. <u>अधिकार प्रत्यायोजन सम्बन्धी व्यवस्थाः</u>** (१) समितिले यस ऐनको सीमाभित्र रही विरामीलाई कोषबाट तत्काल उपचार सहायताको रकम उपलब्ध गराउने निर्णय गर्न संयोजक वा प्रमुख प्रशासकीय अधिकृतलाई अधिकार प्रत्यायोजन गर्नु पर्नेछ।

(२) समितिले उपदफा (१) मा उल्लिखित व्यवस्था बाहेक यस ऐनमा व्यवस्था भएको अन्य कुनै काम, कर्तव्य र अधिकार संयोजक वा प्रमुख प्रशासकीय अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ।

१३. **प्रचलित कानून बमोजिम हुनेः** यस ऐनमा लेखिए जति कुरामा यसै ऐन बमोजिम तथा अन्य विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

१४ . **नियम वा मापदण्ड वा कार्यविधि वा निर्देशिका बनाउन** सक्नेः यस ऐनको कार्यान्वयनका लागि समितिको सिफारिसमा कार्यपालिकाले आवश्यक नियम वा मापदण्ड वा कार्यविधि वा निर्देशिका बनाई लागू गर्न सक्नेछ।

१५ . **यस ऐन बमोजिम भएको मानिनेः** यो ऐन लागू हुनुपुर्व नगरपालिका क्षेत्रभित्रका विरामी नागरिकलाई उपलब्ध गराइएको आर्थिक सहायताको रकम एकपटकका लागि यस ऐन बमोजिम नै वितरण भएको मानिनेछ।

१६. **खारेजी र बचाऊः** (१) लालीगुराँस नगरपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७९ खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिम भए गरेका काम कारवाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

## अनुसूची १

(ऐनको दफा ३ को उपदफा (१) सँग सम्बन्धित

(सहायता प्राप्तिको लागि वडामा दिइने आवेदनको ढाँचा)

मितिः २०  ।  ।

श्री वडा अध्यक्ष ज्यू,

.....नं. वडा कार्यालय, लालीगुराँस नगरपालिका, तेह्रथुम।

विषयः स्वास्थ्य उपचार सहायता पाउन सिफारिस उपलब्ध गराई पाउँ।

महोदय,

प्रस्तुत विषयमा म विगत मिति २०  ।  ।  देखि

रोगले ग्रसित छु। उक्त रोगको उपचार गर्न मलाई आर्थिक अभाव भएको हुँदा लालीगुराँस नगरपालिकाको नागरिक उपचार सहायता कोषबाट सहायता पाउने लक्षित समुह **(नसर्ने तथा कडा रोगका विरामी वा अन्य रोगका विरामी)** भित्र म पनि पर्छु। लालीगुराँस नगरपालिकाको नागरिक उपचार सहायता कोष परिचालन ऐन, २०८१ को दफा ८ को उपदफा (१) को **खण्ड (क)** वा **खण्ड (ख)** मा व्यवस्था भए बमोजिमको रकम उपचार सहायता वापत पाउनका लागि सिफारिस उपलब्ध गराई दिनुहुन तपसिलका कागजातहरु संलग्न राखी यो निवेदन पेश गरेको छु।

निवेदकको नाम, थरः

ठेगानाः

दस्तखतः

सम्पर्क नम्बरः

बाबु/बाजेको नाम, थरः

पति/पत्नीको नाम, थरः

मितिः २०  ।  ।

### संलग्न गर्नुपर्ने कागजातः

१. चिकित्सक वा स्वास्थ्य संस्थाबाट जारी रोगको विवरण खुल्ने सम्पूर्ण कागजात,

२. नेपाली नागरिकता वा जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपी,

३. बैंक खाता खोलेको भए बैंक खाता नम्बर।

(विरामी स्वयम् उपस्थित हुन नसकेमा विरामीको एकासगोलका परिवारभित्रका कुनै व्यक्तिले आफ्नो विवरण उल्लेख गरी विरामीको तर्फबाट आवेदन गर्न सकिनेछ)

## अनुसूची २

(ऐनको दफा ३ को उपदफा (२) सँग सम्बन्धित उपचार सहायताको सिफारिस गरिएका विरामीको वडामा रहने अभिलेखको ढाँचा)

लालीगुराँस नगरपालिका

.... नं. वडा कार्यालय,

| सि.नं | उपचार सहायताको सिफारिस गरिएको व्यक्तिको नाम, थर | बाबु/बाजे तथा पति/पत्नीको नाम, थर | चिकित्सक/स्वास्थ्य संस्थाको नाम र चिकित्सक वा स्वास्थ्य संस्थाबाट खुलाइएको रोगको विवरण | ऐनको दफा ८ को उपदफा (१) को खण्ड (क) वा (ख)कुन वर्गभित्र पर्छ सो उल्लेख गर्ने | यस अघि सहायता लिए/नलिएको | बिरामीको सम्पर्क नम्बर | वडा अध्यक्षको हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

## अनुसूची ३

(ऐनको दफा ३ को उपदफा (३) बमोजिम वडाले कार्यालयमा गर्ने सिफारिस गर्ने पत्रको ढाँचा)

मितिः २० । ।

श्री लालीगुराँस नगर कार्यपालिकाको कार्यालय,
बसन्तपुर, तेह्रथुम।

**विषयः स्वास्थ्य उपचारको लागि उपचार सहायता उपलब्ध गराई दिने।**

यस वडा निवासी श्री ...................................................... ले आफूलाई .................. रोग लागेकाले लालीगुराँस नगरपालिकाको नागरिक उपचार सहायता कोष परिचालन ऐन, २०८१ को दफा ८ को उपदफा (१) को खण्ड (क) वा खण्ड (ख) ले व्यवस्था गरेको उपचार सहायता रकम उपलब्ध गराई पाउँ भनी यस वडामा आवेदन गर्नु भएकोमा निजको आर्थिक अवस्था समेत कमजोर देखिएको हुँदा उक्त ऐनले व्यवस्था गरेको उपचार सहायता पाउने वर्गभित्र पर्ने देखिएकाले ऐनले निर्धारण गरेको सीमाभित्र रही उपचार सहायता उपलब्ध गराई दिनुहुन सिफारिससाथ अनुरोध गर्दछु।

( )

वडा अध्यक्ष

**संलग्न कागजातहरुः**

१. चिकित्सक वा स्वास्थ्य संस्थाबाट जारी रोगको विवरण खुल्ने सम्पूर्ण कागजात,
२. नेपाली नागरिकता वा जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपी,
३. बिरामीको बैंक खाता खोलेको भए बैंक खाता नम्बर।

## अनुसूची ४

(ऐनको दफा ८ को उपदफा (४) बमोजिम उपचार सहायता पाउने विरामीहरुको कार्यालयको स्वास्थ्य शाखामा रहने प्रमाणित निर्णय अभिलेख)

लालीगुराँस नगरपालिकाको नागरिक उपचार सहायता कोष परिचालन ऐन, २०८१ ले व्यवस्था गरे बमोजिम देहायका विरामी उपचार सहायता पाउन योग्य देखिएकाले ऐनको दफा ८ को उपदफा (१) ले व्यवस्था गरेको उपचार सहायताको रकम उपलब्ध गराउन उपयुक्त देखिएकाले निर्णयका लागि पेश गरेको छु।

स्वास्थ्य शाखाको शाखा प्रमुख वा स्वास्थ्यकर्मीको नाम, थरः

हस्ताक्षरः

मितिः

| सि. नं | उपचार सहायता पाउने व्यक्तिको नाम, थर र नागरिकता/ जन्म दर्ता नं. नम्बर | बाबु/बाजे तथा पति/पत्नी को नाम, थर | सिफारिस गर्ने वडाको नाम, पत्रको च.नं. र मिति | रोग को नाम | रोग लागेको हो भनी उल्लेख गर्ने चिकित्सक वा स्वास्थ्य संस्थाको नाम र ठेगाना | यस अघि औषधि उपचार सहायता लिए/नलिएको | सम्पर्क नं. |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

लालीगुराँस नगरपालिकाको नागरिक उपचार सहायता कोष परिचालन ऐन, २०८१ को दफा १२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी पेश भए बमोजिमका विरामीलाई सोही ऐनको दफा ८ को उपदफा (१) को खण्ड (क) वा खण्ड (ख) ले तोकेको सीमाभित्र रही रु. ............................................ उपचार सहायता वापतको रकम उपलब्ध गराउने निर्णय गरियो।

| | |
|---|---|
| नाम, थरः<br>दर्जाः प्रमुख प्रशासकीय अधिकृत वा<br>हस्ताक्षरः<br>मितिः | नाम,थरः<br>दर्जाः नगर प्रमुख<br>हस्ताक्षरः<br>मितिः |
| माथि उल्लेख भए बमोजिमको निर्णय अनुसार उपचार सहायता वापतको रकम रु. ........................................... बुझि लिई यो भर्पाई गरी दिएँ।<br>रकम बुझ्नेको-<br>नाम, थरः हस्ताक्षरः सम्पर्क नम्बरः<br>ठेगानाः<br>(विरामी भए विरामी स्वयं वा नजिकको हकदार भए त्यस्ता व्यक्तिले विवरण खुलाई रकम बुझ्ने)<br>रकम बुझाउने स्वास्थ्यकर्मी/कर्मचारीको नाम, थरः<br>हस्ताक्षरः<br>मितिः २० । । | |

**आज्ञाले**

**सन्तोष घिमिरे**

**प्रमुख प्रशासकीय अधिकृत**